## सरूमारानी गाउँपालिकाद्धारा चालु आ.व २०७९/०८० को दोस्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरू तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

**सार्वजनिक सुनुवाई**

संक्षिप्त प्रतिवेदन




# आयोजक

# सरूमारानी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय प्यूठान

# प्रतिवेदक

**श्री स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.**

**प्यूठान नगरपालिका-४ विजुवार प्यूठान**

**चैत्र २०७९**

# विषय सूची

१. परिचय
१.१ पृष्ठभुमी
१.२ कार्यक्रमको उद्धेश्य
१.३ कार्यक्रमको संक्षिप्त जानकारी
१.४ कार्यक्रम विवरण
१.५. जवाफदेही वक्ताहरु
१.६.अतिथि तथा संचारकर्मीहरु
२. नतिजाहरु
२.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण
३. प्रारम्भिक चरण
(क) समन्वयात्मक बैठक
(ख) सहजकर्ताको छनौट तथा समन्वय
(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन
(घ) बहिर्गमन अभिमत संचालन
(ङ) नागरीक प्रतिवेदन पत्र
(च) सार्वजनिक सुनुवाईको प्रचार प्रसार
४. कार्यान्वयन चरण
५. सेवाग्राहीबाट उठेका सवालहरु
५.१. सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ
५.२. बर्हिगमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र संकलनका क्रममा उठेका सवाल र जवाफ
६. सार्वजनिक प्रतिवद्धता
७.कार्यक्रमको सवल पक्षहरु
८. सुधार गर्नुपर्ने पक्षहरु
९. समस्याहरु
१०. निष्कर्ष

Sky Land Multimedia Pvt.Ltd. ESTD: 2022 Pyuthan

# सरुमारानी गाउँपालिकाको कार्यालय बड्डाडा, प्युठान

## चालु आ.व २०७९/०८० को दोस्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

### १. परिचय

**१.१. कार्यक्रमको परिचय:**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ। नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ। सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ। आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो। **सरुमारानी गाउँपालिका-४** बड्डाडामा २०७९ चैत्र २७ गते सोमबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो।

**१.२. कार्यक्रमको उद्देश्य :**

- ☐ सरुमारानी गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने।
- ☐ सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने।
- ☐ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
- ☐ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने। सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए वमोजिम शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
- ☐ स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
- ☐ सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने।

**१.३. कार्यक्रमको संक्षिप्त जानकारी**

सार्वजनिक सुनवाई संयोजन गर्नेको नाम: **स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली., प्यूठान**

**ठेगाना: प्युठान नगरपालिका ४ प्यूठान**

**सार्वजनिक सुनुवाई सहजीकरण: शशिधर भण्डारी**

सार्वजनिक सुनुवाईको विषय : **सरुमारानी गाउँपालिका द्धारा चालु आ.व २०७९/०८० को दोस्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता**

कार्यक्रम आयोजक : **सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय प्यूठान**

**१.४ कार्यक्रम विवरण**

- ☐ मिति : २७ चैत्र २०७९ (सोमवार)
- ☐ स्थान : **सरुमारानी गाउँपालिका-४ बड्डाडा स्थित बहुउद्देश्यीय सभाहल**
- ☐ समय : **दिनको ११:०० बजेदेखि ४ :३० बजेसम्म (४ घण्टा ३० मिनेट)**

**१.५. जवाफदेही वक्ताहरु**

- ☐ **सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री भ्रग बहादुर विश्वकर्मा**
- ☐ **सरुमारानी गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्का**
- ☐ **सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक**
- ☐ **सरुमारानी गाउँपालिका-१ का वडा अध्यक्ष श्री नर बहादुर घर्ति**
- ☐ **सरुमारानी गाउँपालिका-२ का वडा अध्यक्ष श्री भानुभक्त भुसाल**
- ☐ **सरुमारानी गाउँपालिका-३ का वडा अध्यक्ष श्री भिम बहादुर मर्साङ्गी**
- ☐ **सरुमारानी गाउँपालिका-४ का वडा अध्यक्ष श्री चिन्त बहादुर सोमै मगर**
- ☐ **सरुमारानी गाउँपालिका-५ का वडा अध्यक्ष श्री लक्ष्मी पल्लीमगर**
- ☐ **सरुमारानी गाउँपालिका-६ का वडा अध्यक्ष श्री तिल बहादुर बुढा**

**शाखा प्रमुखहरु**

- ☐ **प्रशासन शाखा प्रमुख श्री लक्ष्मण आचार्य**

Sky Land Multimedia Pvt.Ltd. Pyuthan ESTD: 2022

☐ शिक्षा शाखा प्रमुख श्री पुष्पलाल शाही
☐ स्वास्थ्य शाखा प्रमुख श्री टेकेन्द्र रायमाझी
☐ प्राविधिक शाखा प्रमुख ईन्जिनीयर श्री रवि कुमार राना
☐ कृषि शाखा प्रमुख श्री इश्वर जि.सी.
☐ पशु शाखा प्रमुख श्री केशव गिरी
☐ रोजगार संयोजक श्री तेजेन्द्र भण्डारी
☐ सूचना तथा प्रविधि शाखा श्री शिवराज न्यौपाने
☐ कार्यक्रम संयोजक हेफर परियोजना श्री वेदराज पाण्डे
☐गाउँपालिकाका राजनैतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि

राजनितिकदलको तर्फबाट

☐ ने.क.पा. एमाले श्री टिकाराम पल्लीमगर
☐ राप्रपा नेपाल श्री खेमराज आचार्य

१.६.अतिथि तथा संचारकर्मीहरु

☐ सलिम अन्सारी गोरखा पत्र दैनिक सम्वाददाता
☐ लव कुमार अधिकारी रेडियो स्वर्गद्वारी

२. नतिजाहरु

२.१ वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

वहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्रमा छनोट भएका ५५ जना मध्ये २९ पुरुष र २६ महिलाहरु थिए ।

| दलित | | जनजाति | | अन्य | | कुल उपस्थिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ५ | ७ | १६ | १४ | ५ | ८ | २६ | २९ | ५५ |

२.२. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

| दलित | | जनजाति | | अन्य | | कुल उपस्थिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ५ | ३ | १२ | १३ | ७ | ३३ | ३१ | ४२ | ७३ |

(सहभागीहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।)

संचालन प्रक्रिया

३. प्रारम्भिक चरण

(क) समन्वयात्मक बैठक


**सरुमारानी गाउँपालिका** द्वारा चालु आ.व २०७९/०८० को दोस्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार **सरुमारानी गाउँपालिका**का अध्यक्ष श्री झग बहादुर विश्वकर्मा, उपाध्यक्ष वसन्ता खड्का, प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक, प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यसंग स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.का अध्यक्ष एवम् संयोजक श्री लव कुमार अधिकारीले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो । २०७९ चैत्र २७ गते सरुमारानी गाउँपालिका-४ बड्डाडा स्थित वहुउद्देश्यीय सभाहलमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो ।

(ख) सहजकर्ताको छनौट तथा समन्वय

**सरुमारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय प्यूठान**ले आयोजना गरेको गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो । **सरुमारानी गाउँपालिकाले** सहजीकरणको सम्पूर्ण जिम्मेवारी स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.का अध्यक्ष एवम् संयोजक श्री लव कुमार अधिकारीलाई दिइएको थियो । गाउँपालिकाले सार्वजनिक सुनुवाईमा उपस्थितिको लागि २०७९ चैत्र २० गते सार्वजनिक सूचना जारी गरी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं संचारमाध्यमहरुसंग नियमित सम्पर्क तथा समन्वय गरेको थियो ।

(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन्सो को तुलना गरि



छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय
सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

**(घ) बहिर्गमन अभिमत संचालन**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपूर्व **सरुमारानी गाउँपालिकाले** बहिर्गमन अभिमत ,नागरिक प्रतिवेदन पत्र वा कुनै नागरिकको मत लिने कार्यहरु संचालन गरेको छ ।

**बहिर्गमन अभिमतबाट पाएको नतिजा**

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | | ३५ | १२ | ८ |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | | १३ | ३१ | ११ |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| | | २३ | ३१ | १ |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| | | २० | ३४ | १ |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| | | १७ | ३७ | १ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो(छोटो) | ठिकै | लामो र झन्झटिलो |
| | | १३ | ४१ | १ |

**ङ) नागरीक प्रतिवेदन पत्र**

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी सरुमारानी गाउँपालिकाका ५५ जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो । नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । नागरीक प्रतिवेदनमा भाग लिएका । संकलित सूचनाको विश्लेषणलाई सार्वजनिकसुनुवाईमा प्रस्तुत गरिएको थियो । नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

| सि नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| | | | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| १ | सेवाको सन्तुष्टि | तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | ३६ | १७ | २ |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | ३४ | १६ | ३ |
| २ | सेवाको नियमितता | नागरीक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | २१ | २५ | ९ |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | १३ | ३३ | ९ |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | भन्न चाहन्न | एकदमै कम |
| | | | ५५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | १७ | २५ | १३ |
| ३ | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ३१ | २१ | ३ |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै | ठीकै | गरेको छैन, विश्वास छैन |
| | | | १३ | २६ | १६ |
| | | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | ३१ | २१ | ३ |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | छ | छैन | अलिअलि छ |
| | | | २३ | ४ | २८ |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ३१ | २१ | ३ |
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै | ठूलाबडाको | मध्यस्थकर्ताको |
| | | | ५५ | | |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍या ? | १ पटक | २ पटक | सो भन्दा बढी |
| | | | १७ | २४ | १४ |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | अति राम्रो | ठीकै | नराम्रो |
| | | | ९ | ४६ | |
| | | कार्यालयमा भएको नागरीक बडापत्र बारे तपाईलाई जानकारी छ ? | छ | आंशिक छ | कुनै जानकारी छैन |
| | | | ३१ | २१ | ३ |
| | | कार्यालय र सेवाग्राही बीचको सम्वन्ध कस्तो छ ? | अति राम्रो | ठीकै | नराम्रो |
| | | | ५ | ४७ | ३ |
| | | सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दा कम | थाहा छैन |
| | | | २८ | २३ | ७ |
| | | परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ | ठिकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | | ४७ | ८ | |
| ६ | नागरीक बडापत्र / उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरीक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै | कम | गरेका छैनन |
| | | | ३१ | २१ | ३ |
| | | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीकै | अति कम |
| | | | ३१ | २१ | ३ |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीकै | छैन |
| | | | २९ | २३ | ३ |

# नागरिक प्रतिवेदन पत्र

प्रश्नावली भाग – २

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सिफारिस सम्बन्धी | सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ? | पाएँ | ठिकै पाएँ | स्पष्ट पाइन |
| | | | ४७ | ८ | |
| | | कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ? | दिएँ | थोरै दिएँ | मागिएन र दिइएन पनि |
| | | | | | ५५ |
| | | त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ? | आफैं | मध्यस्थकर्ता वा कार्यालयकै मान्छे | नेता /ठूलाबडा |
| | | | ५५ | | |
| | | राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ? | सबैसंग | सिमित व्यक्ति | धेरै वक्यौता छ |
| | | | ५५ | | |
| २ | पूर्वाधार तथा सरसफाई सम्बन्धी | कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ? | राम्रो | ठिकै | खराव |
| | | | ९ | ३५ | १७ |
| | | कार्यालयमा सरसफाई सम्वन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? | तुरुन्तै हुन्छ | पटक पटक भनेपछि मात्रै हुन्छ | जति भनेपनि हुन्न |
| | | | ९ | ३५ | १७ |
| | | तपाईको विचारमा गा.पा.ले सरसफाई तथा जनस्वास्थ्य सम्वन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ? | नियमित र राम्रो संग | ठीकै गर्छ | नियमित रुपमा गर्दैन |
| | | | ९ | ३५ | १७ |
| | | तपाईको गा.पा.मा विकास निर्माणको स्थिति कस्तो छ ? | राम्रो | ठिकै | खराव |
| | | | १६ | ३६ | ३ |
| | | सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ? | प्रभावकारी छन | ठीकै छन | प्रभावकारी छैनन |
| | | | १६ | ३६ | ३ |
| | | योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | सहज | ठिकै | अफठ्यारो |
| | | | १६ | ३६ | ३ |
| | | योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? | पर्दैन | मागेरै लिन्छन | रकम नदिए अफ्ठ्यारो पार्छन |
| | | | ५५ | | |
| | | योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ? | सजिलै पाइयो | कहिले काँही पाइयो | माग गर्दा पनि पाइएन |
| | | | ३७ | १७ | १ |
| | | विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ? | सजिलै पाइन्छ | सोधेपछि पाइन्छ | सोधेपनि पाइदैन |
| | | | ३८ | १३ | ४ |
| | | स्थानीय तहको आचारसंहिता पालना भएको छ ? | पालना भएको छ | ठीकै पालना भएको छ | कत्ति पनि पालना भएको छैन |
| | | | ४१ | १४ | १ |

ESTD:2022

| | | | | | |
|---|---|---|---|---|---|
| | | योजना सञ्चालन गर्दा गा.पा.वाट कत्तिको सहयोग पाउनु भएको छ ? | धेरै | ठिकै | निरुत्साहित |
| ३ | **यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?** | | ४३ | ११ | १ |
| | | आर्थिक श्रोत कस्तो छ ? | आवश्यक श्रोत उपलब्ध | कम श्रोत उपलब्ध | अति कम श्रोत उपलब्ध |
| | | | ४७ | ८ | |
| | | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? | अति सरल | ठीकै | जटिल |
| | | | ७ | ४८ | |
| | | कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ? | आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| | | | ४७ | ८ | |
| | | गा.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ? | टाँसेको देखेकोछु | कहिले काँही टाँसेको देखिन्छ | खैकतै देखिएन |
| | | | ३३ | १३ | ९ |
| | | कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ? | छ | ठीकैमूल्यांकन हुने गरेको छ | कहिले पनि भएको थाहा छैन |
| | | | ७ | ४३ | ५ |
| | | वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | कुनै जानकारी छैन |
| | | | ४ | ४५ | ६ |
| ४ | **पारदर्शिता सम्वन्धी** | गा.पा.मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ? | १ वटा | २ वटा | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | | ३७ | | १८ |
| | | गा.पा.मा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ? | धेरै | कम | भएकै छैन |
| | | | | ६ | ४९ |
| | | गा.पा.मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ? | भएको छ | अहिलेसम्म सञ्चालन भएकै छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | | | | ५५ |
| | | सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ? | धेरै | ठिकै | कम |
| | | | १७ | ३० | ८ |
| | | सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ? | संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेको छैन | कुनै जानकारी नै छैन |
| | | | ३४ | ४ | १७ |
| | | यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ? | धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| | | | १४ | ३० | ११ |

Sky Land Multimedia Pvt. Ltd. Pyuthan ESTD:2022

| | | | | |
|---|---|---|---|---|
| | योजना सञ्चालन गर्दा गा.पा.वाट कत्तिको सहयोग पाउनु भएको छ ? | धेरै | ठिकै | निरुत्साहित |
| | | ४३ | ११ | १ |
| यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ? | आर्थिक श्रोत कस्तो छ ? | आवश्यक श्रोत उपलब्ध | कम श्रोत उपलब्ध | अति कम श्रोत उपलब्ध |
| | | ४७ | ८ | |
| | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? | अति सरल | ठीकै | जटिल |
| | | ७ | ४८ | |
| | कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ? | आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| | | ४७ | ८ | |
| | गा.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ? | टाँसेको देखेकोछु | कहिले काँही टाँसेको देखिन्छ | खैकतै देखिएन |
| | | ३३ | १३ | ९ |
| | कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ? | छ | ठीकैमूल्यांकन हुने गरेको छ | कहिले पनि भएको थाहा छैन |
| | | ७ | ४३ | ५ |
| | वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | कुनै जानकारी छैन |
| | | ४ | ४५ | ६ |
| पारदर्शिता सम्बन्धी | गा.पा.मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ? | १ वटा | २ वटा | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | ३७ | | १८ |
| | गा.पा.मा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ? | धेरै | कम | भएकै छैन |
| | | | ६ | ४९ |
| | गा.पा.मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ? | भएको छ | अहिलेसम्म सञ्चालन भएकै छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | | | ५५ |
| | सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ? | धेरै | ठिकै | कम |
| | | १७ | ३० | ८ |
| | सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ? | संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेको छैन | कुनै जानकारी नै छैन |
| | | ३४ | ४ | १७ |
| | यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ? | धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| | | १४ | ३० | ११ |

Pyuthan ★ Sky Land Multime... Pvt. Ltd. ESTD:2022

**(च) सार्वजनिक सुनुवाईको प्रचार प्रसार**

**सरुमारानी गाउँपालिकाद्धारा** चालु आ.व २०७९/०८० को दोस्रो चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले गाउँपालिकाको फेशबुक पेज मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रशारण गरिएको थियो । **सरुमारानी गाउँपालिकाद्धारा** कार्यालय परिसर कार्यक्रम हुने स्थल, गाउँपालिकाको सूचना पार्टीमा प्रिन्ट गरी टाँस गरिएको थियो ।

**४. कार्यान्वयन चरण**

**सरुमारानी गाउँपालिकाको** आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सवैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.को तर्फबाट सहजकर्ता श्री शशिधर भण्डारीले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्य तथा न्यायिक समितिबाट प्रवाह भएको कार्य बारेमा सरुमारानी गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्काले जानकारी गराउनु भएको थियो ।

सार्वजनिक सुनुवाईमा सरुमारानी गाउँपालिकाका वडा अध्यक्षहरुलाई निर्वाचित भएदेखि गरेका उल्लेखनीय ३ वटा कामहरु तथा चाहँदा चाहँदै गर्न नसकेको ३ वटा कामहरु बारेमा बताउन लगाइएको थियो ।

वडाअध्यक्षहरुले प्रस्तुतीकरणमा वडा कार्यालबाट सहज रुपमा सेवा दिएको, सडक, शिक्षा, स्वास्थ्य लगाएका क्षेत्रहरुमा प्रभावकारी रुपमा गरेको वताएका थिए । त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । त्यसैगरि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकले चालु आ.व २०७९/०८० को दोस्रो चौमासिक अवधिसम्म गाउँपालिकामा भएको आय, व्यय तथा समग्र प्रगतीको अवस्थाको जानकारी बारेमा जानकारी गराउनु भएको थियो ।

सार्वजनिक सुनुवाई संचालनको क्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्वृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको सरुमारानी गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । त्यसपछि ने.क.पा एमाले सरुमारनी गाउँ संगठन कमिटिका नेता टिकाराम पल्लीमगर र राप्रपाका नेता खेमराज आचार्यले सार्वजनिक सुनुवाईको प्रभावकारीताको विषयमा धारणा राख्नु भएको थियो । सार्वजनिक सुनुवाई उठेका सवालहरु सम्वोधन सहित सवैलाई धन्यवाद दिँदै सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माले समापन गर्नु भएको थियो ।

**५) सेवाग्राहीहरुबाट उठेका सवाल तथा जवाफहरु**

**हरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ**

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन्:

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १. | गणेश सुनार<br>सरुमारानी-५ | सडक निर्माणको काम सकिदाँ डोजरलाई दिनु पर्ने रकम भन्दा कम रकम किन देखाइयो ? | झग बहादुर विश्वकर्मा अध्यक्ष | त्यसलाई गाउँपालिकाले प्राविधिक टोलीलाई पुनः खटाई उचित मुल्याकंन हुने छ । |
| २ | मात्रिका सुनार<br>सरुमारानी-५ | खोर उचित नहुँदा बाखा मरे । | वेदराज पाण्डे<br>हेफर | घास र सरसफाई व्यवस्थापन गर्नु अभाव भयो |
| ३ | खेमराज आचार्य | पशुचौपायमा सरुवा | केशव गिरी | अहिले औषधिकोे |

| | | | | |
|---|---|---|---|---|
| | सरुमारानी-१ | रोग | | अभाव छ । देशभर भाइरलको रुपमा देखिएकोले यस्को नियन्त्रण हुन समय लाग्ने देखिन्छ । |

नोट : सार्वजनिक सुनुवाईमा का उपप्रमुख, वडा नं २,३,४,५ र ६ लाई कुनै प्रश्नहरु आएका थिएनन् ।

## ५.२. बर्हिगमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र संकलनका क्रममा उठेका सवाल र जवाफ

| क्र.सं. | सवालहरु | जवाफदेही संस्था वा व्यक्ति | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १ | पालिका स्तरीय अस्पताल निर्माणको प्रक्रिया | अध्यक्ष | डिपिआर प्रतिवेदन तयार भइ स्वीकृत समेत भइसकेको छ। बोलपत्र आह्वान हुने चरणमा छ। | |
| २ | तपाई निर्वाचित भएपछि पालिका एम्बुलेन्स, स्कुलबस र एक्साभेटर खरिद गर्ने निर्णयको कार्यान्वयन चरण | अध्यक्ष | यस हप्ता भित्र एम्बुलेन्स खरिदको संझौता हुदैछ। विद्यालयले स्कुल बस सञ्चालनका लागि ढिलाई गर्दा काम हुन सकेको छैन्। बजेट अभावका कारण एक्साभेटर खरिदको लागि वजेट विनियोजन हुन नसकेको हो। | |
| ३ | अनुदानमा राजनितीकरणको विषय | अध्यक्ष | नियतवस अनुदानमा विभेद भएको छैन। बरु अनुदान सबैलाई नपुगेको हो। क्रमशः काम गर्नेलाई अनुदान दिन्छौं। | |
| ४ | हसंपुर बृहत खानेपानी आयोजनाको सञ्चालन | अध्यक्ष | शिलबन्दी दरभाउ माग गरिएको छ। छिट्टै हुन्छ। | |
| ५ | फोहोर उठाउने ट्याक्टर नियमित सञ्चालन | अध्यक्ष | अनुगमन तथा नियमन गरी सम्झौता अनुसार नियमित सञ्चालन गरिनेछ। | |
| ६ | वडाबाट सिफारिस भएका योजनाहरुको तुरुन्त भुक्तानी हुन नसक्नु | अध्यक्ष/प्र.प.अ. | वडाबाट सिफारिस गर्दा संवेदनशिल हिसावले मुल्यांकन गरी सिफारिस गरे तुरुन्त भुक्तानीको व्यवस्था मिलाउछौं। | |
| ७ | पर्यटकीय पूर्वाधार र प्रचारमा पालिकाको प्राथमिकता | अध्यक्ष | गाउँपालिकामा अन्य शिक्षा, स्वास्थ्य र रोगजारका कुराहरुलाई प्राथमिकता तथा अत्यावश्यक भएकाले पर्यटन क्षेत्र पछि पर्ने गरेको छ। | |
| ८ | किसानसंग गाउँ सरकार कार्यक्रम वितरणमुखी तथा राजनितिक भेदयुक्त नगरी उत्पादनमुखी बनाउने | अध्यक्ष/प्र.प.अ. | साना किसान लक्षित गरी योजना निर्माण भएकोले साना किसानका लागि आवश्यक बाख्राका खोर, कृषि यन्त्र, मोटर, पाइपहरु हुने हुँदा यसलाई उत्पादनमुखीको रुपमा लिन् पर्दछ। | |
| ९ | बस्ती स्तरमा नियमित र गुणस्तरीय सडक मर्मत | अध्यक्ष/प्र.प.अ. | बस्ती स्तरमा नियमित सडकका लागि धेरै कामहरु भइरहेका छन्। गुणस्तरीय सडक बनाउनका लागि वजेट अभाव छ। | |
| १० | खेलमैदानको स्तरोन्नती तथा विकास | अध्यक्ष/प्र.प.अ./शि.शा | वडा स्तरमा खेल मैदान बनेका छन्। पालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नतीका लागि विभिन्न निकायसंग सहकार्य भइरहेको छ। | |
| ११ | महिलाका लागि रोजगारी तालिम प्रदान तथा अनुदान | अध्यक्ष/प्र.प.अ. | पालिकाबाट महिलाका लागि सबै भन्दा धेरै तालिमहरु प्रदान भएका छन्। | |
| १२ | लक्षित कार्यक्रमको जानकारी | अध्यक्ष/प्र.प.अ. | १ करोड ४० लाख रुपैया विनियोजन र लक्षित वर्गको उत्थानका लागि समितिहरु | |

Sky Land Multimedia Pvt.Ltd. Pyuthan ESTD:2022

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण गरि कार्यक्रम गरिएको छ। | |
| | वडा नं. १ मा बांगेशाल स्वास्थ्य चौकी एमविविएस डाक्टरबाट स्वास्थ्य क्षेत्र | अध्यक्ष/प्र.प.अ. | एमविविएस डाक्टर नियुक्ती भइसकेकोले वैशाख १ गतेबाट सेवा दिने काम हुन्छ। | |
| | सयौं जनाको फर्म भरिएको प्रधानमन्त्री रोजगार कार्यक्रममा ६/७ जनाको नाम मात्रै किन आउछ ? | अध्यक्ष/प्र.प.अ. | संघीय सरकारले उपलब्ध गराएको वजेट अनुसार कार्य गर्नु पर्ने र सुचक अनुसार छनौट हुने हुन्छ। | |
| | महमा किसानबाट ५-७ सयमा खरिद गरी १०-१२ सयमा विक्री भइरहेकोमा दररेटको | अध्यक्ष/प्र.प.अ. | बजार अनुगमनमा पालिकाले प्रशासनसंग समन्वय गरी दररेटमा एक रुपता लिन पहल गर्दछ। | |
| | वडा नं. १ मा खरिद गरिएको फिल्टर वितरण नहुनु | वडा अध्यक्ष | अन्य कार्यक्रमहरु पनि सञ्चालन भएकाले लक्षित वर्ग छनौटमा छलफल गर्न नभ्याइएको हुँदा वितरण नभएको हो। | |
| ७ | गाउँपालिकाको शौचालयको समस्या वा फोहोर हुने | अध्यक्ष/प्र.प.अ. | गाउँकार्यपालिकाको कार्यालयमा ठिक छ। सभाहलमा बाउण्डी गरी व्यवस्थापन गर्ने योजना बनि सकेको छ। | |
| १८ | खेलकुद सामग्री प्रर्याप्त नभएको | अध्यक्ष/प्र.प.अ./शि.शा | वितरण गरेको पनि हो। सिमित मापदण्डले वितरण गर्दा सबैलाई नपुगेको हो। | |
| १९ | वडा नं. १ र २ मा कराते प्रशिक्षक नपठाएको | अध्यक्ष/प्र.प.अ./शि.शा | छलफल भइरहेको छ। | |
| २० | दीर्घरोगी सहायता कार्यक्रम अन्तरगत राहत रकम असमान | अध्यक्ष | विपन्नता र रोगको प्रकृति हेरेर दिने गरेका छौं। | |
| २१ | बाँकी बेरुजु असुलि प्रक्रिया | अध्यक्ष | पत्रचार गरेका छौं। असुली गर्नै पर्ने हुन्छ। | |
| २२ | सार्वजनिक परिक्षण र सामाजिक परिक्षण बारे जानकारी | अध्यक्ष | सार्वजनिक परिक्षण भइरहेको छ। बरु यसलाई नागरिक तहमा व्यापक हुन जरुरी छ। सामाजिक परिक्षणको विषयमा पनि हामी सम्वेदनशिल छौं। | |

**६. सार्वजनिक प्रतिवद्धता**

प्रत्येक चौमासिक रुपमा इबुलेटिन प्रकाशन गरी गाउँपालिकाको वेवसाइटमा राखिनेछ।

**७.कार्यक्रमको सवल पक्षहरु**

- ☐सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नागरिक प्रतिवेदन पत्र वा वहिर्गमन अभिमत वा नागरिक अभिमत समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएकोले अझै प्रभावकारिता बढ्ने।
- ☐ स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा जिल्लाका कार्यालय प्रमुखहरुको सहभागीतामा संचालन गरिएको।
- ☐ सरुमारानी गाउँपालिकाको भौतिक र वित्तीय प्रगती प्रस्तुत गरिएको।
- ☐ सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जवाफदेहि वक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको।
- ☐ स्वतन्त्र सहजकर्ताको माध्यमवाट सार्वजनिक सुनुवाई संचालन भएको।
- ☐ जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका।
- ☐ अनुपस्थित नागरिकको लागि विद्युतीय प्रगति विवरणहरुको जानकारी सहितको बुलेटिन विमोचन गरी सार्वजनिक गरिएको।
- ☐ सार्वजनिक सुनुवाईको कामनाडेली फेशबुक पेजबाट सार्वजनिक सुनुवाई अवधिभर प्रत्यक्ष प्रशारण गरिएको।

**८. सुधार गर्नुपर्ने पक्षहरु**

- ☐ समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने।
- ☐ वडा अध्यक्ष सहित गाउँसभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने।
- ☐ पर्चा पम्प्लेट तयार गरी वडा तथा वस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने।
- ☐ वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने।
- ☐ सार्वजनिक सुनुवाई हुने बारेको सूचनालाई थप प्रभावकारी बनाउनु पर्ने।

Sky Land Multimedia Pvt. Ltd. Pokhara ESTD:2022

- उपस्थितिको लागि सबै राजनितिक दलहरुसंग समन्वय गर्नु पर्ने ।

**९.समस्याहरु**

- नागरिक प्रतिवेदन पत्र वा नागरिक अभिमतमा सहभागी सेवाग्राहीहरु उपस्थित नुहुनु ।
- स्थानिय स्तरमा क्रियाशिल सबै राजनितिक दलहरु सहभागी नजनाउनु ।
- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।

**१०.निष्कर्ष**

सरुमारानी गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही वीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सरुमारानी गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, फोहोर संकलन, खेलकुद, जनप्रतिनिधिहरुको विजय हुँदाको पहिलो निर्णय, विद्यालयको वस खरिद, एमविविएस डाक्टर सहितको स्वास्थ्य सेवा, अनुदानलाई उत्पादनमुखी बनाउने विषयका सवाल, सुझावहरु दिएका थिए । पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सबै शाखा प्रमुख, वडा अध्यक्षहरु सहितको सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । यस पटकको सार्वजनिक सुनुवाईमा आएका सवालहरुलाई अर्को सार्वजनिक सुनुवाई अवधिभर समाधान गरी सार्वजनिक सुनुवाईका विषय बारे प्रगति विवरण दिन सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

समाप्त

अनुसूचीहरु

अनुसुचि १ कार्यक्रमको उपस्थिति तथा माइन्युट

आज मिति २०८१ साल चैत्र २६ गतेका दिन सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको आ.व. २०८१/०८० को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम यस गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा र तपसिल बमोजिमको उपस्थितीमा सम्पन्न गरियो।

उपस्थितीहरु

१. श्री झग बहादुर विश्वकर्मा - गा.पा. अध्यक्ष
२. श्री बसन्ता खड्का - गा.पा. उपाध्यक्ष
३. श्री देविराम पाठक - प्रमुख प्रशासकीय अधिकृत
४. श्री टिकाराम पल्ली मगर - ने.क.पा. एमाले सरुमारानी गा.पा.
५. श्री - नेपाली कांग्रेस सरुमारानी गा.पा.
६. श्री - ने.क.पा. माओवादी केन्द्र ""
७. श्री - ने.क.पा. एकीकृत समाजवादी "" ""
८. श्री - राष्ट्रिय जनमोर्चा सरुमारानी गा.पा.
९. श्री खेमराज आचार्य - राष्ट्रिय प्रजातन्त्र पार्टी
१०. श्री
११. श्री
१२. श्री चिन्त बहादुर रोकाय मगर - ४ नं. वडा अध्यक्ष
१३. श्री भिम बहादुर मस्राँङ्गी - ३ नं. वडा अध्यक्ष
१४. श्री मोहम्मद हलिम हलुवाई - कार्यपालिका सदस्य
१५. श्री लक्ष्मी पल्ली - ५ नं. वडा अध्यक्ष
१६. श्री भानुभक्त सुवाल - २ नं. वडा अध्यक्ष
१७. श्री तिल बहादुर पुन - ६ नं. वडा अध्यक्ष
१८. श्री नर बहादुर घर्ती - १ नं. वडा अध्यक्ष
१९. श्री पुर्ण सिंह सुनार - कार्यपालिका सदस्य
२०. श्री चन्द्रिमा थापा - कार्यपालिका सदस्य
२१. श्री आशा वि.क. - कार्यपालिका सदस्य
२२. श्री कल्पना सुनार - कार्यपालिका सदस्य
२३. श्री यमुना राउ मगर - कार्यपालिका सदस्य
२४. श्री - गा.पा. सल्लाहकार
२५. श्री मिन्दु कुमार गुरुङ - २ नं. वडा सदस्य

Pyuthan ★ ESTD: 2022 ★ Sky ... Media Pvt. Ltd.

२६. श्री मनोज बहादुर सारु मगर - ४ नं. वडा सदस्य
२७. श्री वेद बहादुर पुन - ३ नं. वडा सदस्य
२८. श्री नाम बहादुर थकुडे - ६ नं. वडा सदस्य
२९. श्री धन बहादुर थापा मगर - ४ नं. वडा सदस्य
३०. श्री खड्क बहादुर मोक्टा - ६ नं. वडा सदस्य
३१. श्री गणेश बहादुर सुनार - ५ नं. वडा सदस्य
३२. श्री रुद्र लाल पंथी - २ नं. वडा सदस्य
३३. श्री खलिस मिया - ३ नं. वडा सदस्य
३४. श्री धन बहादुर दर्लामी - ५ नं. वडा सदस्य
३५. श्री द्रोण बहादुर धामी - १ नं. वडा सदस्य
३६. श्री रेणुका देवी कामी - ६ नं. वडा सदस्य
३७. श्री मनिषा गुरुङ - ३ नं. वडा सदस्य
३८. श्री पार्वती पुन मगर - ४ नं. वडा सदस्य
३९. श्री मकु झुल्ला मियाँ - १ नं. वडा सदस्य
४०. श्री गोमती रानाचा - ५ नं. वडा सदस्य
४१. श्री मालिका कुमारी सुनार - ५ नं. वडा सदस्य
४२. श्री मिना विश्वकर्मा - १ नं. वडा सदस्य
४३. श्री मनकला सुनार - २ नं. वडा सदस्य
४४ श्री शारदा राना पल्ली - १ नं. वडा सदस्य
४४ श्री जागेश्वर पोखेल - युवा तथा खेलकुद संयोजक
४५. श्री शान्तराम आचार्य प्रधानमन्त्री सचिवालय
४६. श्री वेदराज शर्मा पाण्डे, प.संयोजक, देवा एमकेडापी१.
४७- श्री कामा मिया - 
श्री लक्ष्मण आचार्य - प्र० अधिकृत
४८ - इस्माइल मिया - मुस्लिम उत्थान संघ
४९ - लोक कुमार आचार्य - पत्रकार
५० - सालिक [illegible] क्रिया ,, [illegible]
५१ - प्र.सं.नि गुनी लाल चौधरी १ वाँ वडडा
५२ - प्र.स.नि. प्रेम बहादुर भण्डारी - प्र.चौ. [illegible]
५३. भोजराज रापाल [illegible]
५४. कुमारी [illegible] रवा. [illegible]

५४- शिशिर कार्की – सरस्वती नमूना बहु आधारित पु.मा.
५५ श्री सरिता कंडेल) बि.प्र. सम्मानित) सा.बा...
५६ श्री तुलसा थापा बा.प्र.स. "
५७. रामहरि कोइराला
५८- ईश्वर राज खनाल " अतिम
५९- शिव पोखरेल – जयदुर्गा मा.वि., बाली मोहन
६०. प्रेम बहादुर सार्की) वडा सचिव वा.न. १)
६१. लोक बहादुर रावत वडा सचिव वडा नं. २
६२. सुशिल कुमार प्रसाद (लेखापाल – दोर्ज गोपाल)
६३. तेज बहादुर केसी पा.का. सं.
६४. कैलाश सिंह प्र.हे.मं.
६५. इश्वर सि.सी. कृषि शाखा
६६. सुमन गौतम (इन्जिनियर)
६७. टोप बहादुर थापी (नाम सो ..)
६८. गौरव खनाल (रोजगार सहायक)
६९. शिव राज लोहनि (
७०. अविन सि.सी. (वडा सचिव वडा नं. ८
७१. बाबुराम भट्टराई (वडा सचिव वडा नं. ६)
७२. शंकर राज आचार्य – नदुईनिय जैपाल निंध.
७३. सन्तोक सुनार ४ वा. वडा सचिव
७४. शान्ता विष्ट – कार्य वं. कुलेश्वरी निजोजक
७५ धन बहादुर राना (स्वस्थकर्मी आयुर्वेदकी कोर्स)
कलि पुन मगर (नगर प्रहरी)
७६ जिला साध मगर (का.स.)
७७ रिमा रुपुन मगर नगर (प्रहरी)
७८ भरत राना मगर (का.स)
७९ श्याम कलि राना (का.स)
८०- रुद्र प्रकाश पोखरेल (उप प्रमुख)
८१- पुलकर पुलामी मगर (प्रहरी सहायक)
८२ गिरि बहादुर पुन मगर (प्रमुख) प्रमुख ९८५५१८
८३ साधना सिंह प्रशासन सहायक
८४- गोपिलाल उपाध्याय – वडा अध्यक्ष
८४ राम प्रसाद घिमिरे अध्यक्ष का.वि.प्र.अ.
८५ आशिष पाण्डे

अनुसूची २ : कार्यक्रम सम्बन्धीसार्वजनिक सूचना तथा समाचार

लुम्बिनी २०७९ चैत २८, गते मंगलबार Tuesday Apr 11, 2023 3

# २० देशका मुद्रा राष्ट्र बैंकमा



# सरुमारानिको सार्वजनिक सुनुवाइ



janakhoji.com/archi

## सरुमारानी गाउँपालिकाको सार्वजनिक सुनुवाई



जनखोजी

प्युठान, सरुमारानी गाउँपालिकाले चालु आर्थिक वर्षको दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई गरेको छ । सोमबार सरुमारानी गाउँपालिका वडा नं. ४ स्थित सभाहलमा पालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यले चौमासिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका छन् ।

गाउँपालिकाका जनप्रतिनिधि, राजनीतिक दल, विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधि लगायत सरोकारवालाबीच भएको सार्वजनिक सुनुवाईमा गाउँपालिकाका विभिन्न गतिविधिमा विभिन्न सवाल उठेका छन् । सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरुले गाउँपालिकाको बेरुजु रकम शुन्यमा झार्नुपर्ने ,कृषि अनुदान तथा लक्षित वर्गको कार्यक्रम प्रभावकारी बनाउनपर्ने गणस्तरीय सडक निर्माण गर्नपर्ने खानेपानी

janakhoji.com/archi

## सरुमारानीद्धारा चौमासिक इवुलेटिन विमोचन



जनखोजी

प्युठान, सुशासन तथा पादर्शीताका लागि सरुमारानी गाउँपालिकाले प्रकाशन गरेको चौमासिक इवुलेटिनको विमोचन गरेका छन् । सरुमारनी गाउँपालिकाको आयोजनामा भएको सार्वजनिक सुनुवाई कार्यव्रम्मको अवसरमा गाउँपालिकाले इवुलेटिन सार्वजनिक गरेको हो । इवुलेटिनको विमोचन गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माले गरेका हुन् । गाउँपालिकाको समग्र विकास सुशासन, पारदर्शिता र जवाफ देहिता कायम राख्न विकाश निर्माण, सेवा प्रवाह, कार्य सम्पादन लगाएतका विषयहरु समेटि चौमासिक रुपमा ईवुलेटिन प्रकाशन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविराम पाठकले बताए । उनले पालिकाबाट चौमासिक रुपमा प्रकाशन गरी वेवसाइटमा राखिने पाठकको भनाइ छ ।

Sky Land Multimedia Pvt.Ltd. Pyuthan ESTD:2022

कामना दैनिक
KAMANA DAILY
साच्चा बिचार, ताजा समाचार

# सरुमारानी गाउपालिकाका सार्वजनिक सुनुवाईमा उठे यस्ता सवाल

प्रकाशित मिति २०७९ चैत्र २७, सोमबार १७:४०

पछिल्लो अपडेट मिति Apr 10, 2023



251 Shares

प्यूठान । सरुमारानी गाउँपालिकाले चालु आर्थिक वर्ष २०७९/८० दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई गरेको छ । सोमबार सरुमारानी गाउँपालिका ... स्थित सभाहलमा पालिकाका प्रशासन साखा प्रमुख

9:30

gadwariupdate.com

# सरुमारानिको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न



स्वर्गद्वारी अपडेट

समाचार शेयर गर्नुहोस

★ Sky Land Multimedia Pvt.Ltd. ★ Pyuthan ESTD:2022

## अनुसूची ३ : कार्यक्रमका झलकहरु



सार्वजनिक सुनुवाईमा इबुलेटिन विमोचन गर्दै सरुमारानी गाउँपालिकाका अध्यक्ष भग बहादुर विश्वकर्मा, उपाध्यक्ष बसन्ता खड्का र प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक ज्यु ।




सार्वजनिक सुनुवाईमा सरुमारानी गाउँपालिकाका अध्यक्ष भग बहादुर विश्वकर्मा, उपाध्यक्ष बसन्ता खड्का र प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक ज्यु ।

Sky Land Multimedia Pvt.Ltd. ESTD:2022 Pyuthan



सार्वजनिक सुनुवाईमा सरुमारानी गाउँपालिकाका अध्यक्ष भ्रग बहादुर विश्वकर्माद्वारा नागरिकवाट उठेका सवालहरुको जवाफ दिनुहुँदै ।




सार्वजनिक सुनुवाईमा सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक ज्युद्वारा नागरिकवाट उठेका सवालहरुको जवाफ दिनुहुँदै ।



सार्वजनिक सुनुवाईमा सरुमारानी गाउँपालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्य ज्युद्वारा गाउँपालिकाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै ।

Sky Land Multimedia Pvt.Ltd. ESTD:2022 Pyuthan



सार्वजनिक सुनुवाईमा सहभागीहरु



सार्वजनिक सुनुवाईमा सहभागीहरु

Sky Land Multimedia Pvt.Ltd. ESTD:2022 Pyuthan

सरुमारानी गाँऊपालिका प्यूठान समक्ष
पेश गरिएको आ.व. २०७९/०८० को दोश्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको लागि पुर्व प्रतिवेदन

२०७९ चैत्र २६

## प्रतिवेदन पेश गर्ने

**श्री स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.**

प्यूठान नगरपालिका-४ बिजुवार प्यूठान

[signature]

Sky Land Multimedia Pvt.Ltd. * Pyuthan * ESTD:2022

१. पृष्ठभूमीः

सेवाप्रदायक निकाय (स्थानीय सरकार) र सेवाग्राही (नागरिक) हरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनलाई नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६८/०१/१२ को निर्णय अनुसार स्वीकृत स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरिएको छ।

स्थानीय सरकारबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने उद्देश्यले सरुमारानी गाँउपालिकाको आयोजना तथा स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.को सहजीकरण तथा समन्वय आ.व.२०७९/०८० को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०७८ चैत्र २७ सरुमारानी गाउँपालिका वडा नं. ४ स्थित बहुउद्देश्यीय सभाहल बड्डांडामा संचालनका लागि पूर्व अध्ययन प्रतिवेदन तयार गरिएको छ।

सार्वजनिक सुनुवाई गर्ने संस्था वा व्यक्तिः

आयोजकः सरुमारानी गाउपालिकाको कार्यालय, प्यूठान

सहजिकरणः श्री स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली. प्यूठान नगरपालिका-४ विजुवार प्यूठान
संयोजनः लव कुमार अधिकारी
सहजकर्ताको नामः सलिम मिया
सहजकर्ताको नामः शशिधर भण्डारी

अध्ययन गरिएको क्षेत्रः बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण गाँऊपालिकाको कार्यालय, १, २, ३, ४, ५ र ६ बाट सेवा लिई फर्किएकाहरु सहभागी।

नागरिक प्रतिवेदन (Citizen Report Card)मा सहभागीहरुको विवरण स( सार्वजनिक सुनुवाई संचालन हुने बड्डांडा सेवा क्षेत्रका सहभागीहरु र विभिन्न वडाका सेवाग्राही

अध्ययन गरिएको अवधिः मिति २०७९ चैत्र २१ देखि २६ गतेसम्म

१. बहिरगमन अभिमत पत्र ( (Exit Poll ) बाटः

बहिर्गमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन संकलनका क्रममा उठेका सवालहरुः

| क्र.सं. | सवालहरु | जवाफदेही संस्था वा व्यक्ति | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १ | पालिका स्तरीय अस्पताल निर्माणको प्रक्रिया | अध्यक्ष | | |
| २ | तपाई निर्वाचित भएपछि पालिका एम्बुलेन्स, स्कुलबस र एक्साभेटर खरिद गर्ने निर्णयको कार्यान्वयन चरण | अध्यक्ष | | |
| ३ | अनुदानमा राजनितीकरणको विषय | अध्यक्ष | | |
| ४ | हसंपुर बृहत खानेपानी आयोजनाको सञ्चालन | अध्यक्ष | | |
| ५ | फोहोर उठाउने ट्याक्टर नियमित सञ्चालन | अध्यक्ष | | |
| ६ | वडाबाट सिफारिस भएका योजनाहरुको तुरुन्त भुक्तानी हुन | अध्यक्ष/प्र.प.अ. | | |

Sky L... ESTD:2022 Pyuthan ...dia Pvt.Ltd

| | | | | |
|---|---|---|---|---|
| | नसक्नु | | | |
| | पर्यटकीय पूर्वाधार र प्रचारमा पालिकाको प्राथमिकता | अध्यक्ष | | |
| | किसानसंग गाउँ सरकार कार्यक्रम वितरणमुखी तथा राजनितिक भेदयुक्त नगरी उत्पादनमुखी बनाउने | अध्यक्ष/प्र.प.अ. | | |
| ९ | वस्ती स्तरमा नियमित र गुणस्तरीय सडक मर्मत | अध्यक्ष/प्र.प.अ. | | |
| १० | खेलमैदानको स्तरोन्नती तथा विकास | अध्यक्ष/प्र.प.अ./शि.शा | | |
| ११ | महिलाका लागि रोजगारी तालिम प्रदान तथा अनुदान | अध्यक्ष/प्र.प.अ. | | |
| १२ | लक्षित कार्यक्रमको जानकारी | अध्यक्ष/प्र.प.अ. | | |
| १३ | वडा नं. १ मा बांगेशाल स्वास्थ्य चौकी एमविविएस डाक्टरवाट स्वास्थ्य क्षेत्र | अध्यक्ष/प्र.प.अ. | | |
| १४ | सयौं जनाको फर्म भरिएको प्रधानमन्त्री रोजगार कार्यक्रममा ६/७ जनाको नाम मात्रै किन आउछ ? | अध्यक्ष/प्र.प.अ. | | |
| १५ | महमा किसानवाट ५-७ सयमा खरिद गरी १०-१२ सयमा विक्री भइरहेकोमा दररेटको | अध्यक्ष/प्र.प.अ. | | |
| १६ | वडा नं. १ मा खरिद गरिएको फिल्टर वितरण नहुनु | वडा अध्यक्ष | | |
| १७ | गाउँपालिकाको शौचालयको समस्या वा फोहोर हुने | अध्यक्ष/प्र.प.अ. | | |
| १८ | खेलकुद सामग्री प्रर्याप्त नभएको | अध्यक्ष/प्र.प.अ./शि.शा | | |
| १९ | वडा नं. १ र २ मा कराते प्रशिक्षक नपठाएको | अध्यक्ष/प्र.प.अ./शि.शा | | |
| २० | दीर्घरोगी सहायता कार्यक्रम अन्तरगत राहत रकम असमान | अध्यक्ष | | |
| २१ | बाँकी बेरुजु असुलि प्रक्रिया | अध्यक्ष | | |
| २२ | सार्वजनिक परिक्षण र सामाजिक परिक्षण बारे जानकारी | अध्यक्ष | | |

★ Sky Land Multimedia Pvt.Ltd. Pyuthan ★ ESTD:2022